फोन नं.:- ०५७-५२०४९५
फ्याक्स नं.:- ०५७-५२३८२२
ईमेल:-daomakawanpur@moha.gov.np
फेसबुक पेज:-www.facebook.com/daomakawanpur
वेबसाइट:-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

पत्र संख्याः-०८३/८४
चलानी नम्बर:-

मितिः- २०८३-०७-१४
ने.सं.:- ११४६ कौलागा ६, शनिबार

उच्च सतर्कता अपनाउने एवं सवारी आवागमन सम्बन्धी अत्यन्त जरूरी सूचना

बंगालको खाडीमा बनेको अर्नब चक्रवातका कारण यस जिल्लामा मिति २०८३ कार्तिक १२ गतेदेखि निरन्तर वर्षा भइरहेको छ । निरन्तर वर्षाका कारण आज मिति २०८३-०७-१४ गते साँझ करिब ४:०० बजेसम्ममा कुलेखानी जलाशय (इन्द्रसरोवर) को जलसतह १५२९.०० मिटर (*खतराको तह पार*) पुग्नेसक्ने देखिएको र जलाधार क्षेत्रमा आज राती वा भोलिसम्म अप्रत्याशित भारी वर्षा हुन गएमा जलाशयको सुरक्षा तथा जलसतह सन्तुलन कायम राख्न बाँधको मुख्य गेटहरू खोल्नुपर्ने अवस्था आउन सक्ने देखिएको छ । बाँधका मुख्य गेटहरू खोल्नुपर्ने अवस्था आएमा मुख्य ड्यामको तल्लो तटीय क्षेत्र (सिस्नेरी खोला/बागमती नदी किनार) मा पानीको वहाव आकस्मिक रूपमा बढ्नसक्ने भएकोले आज मिति २०८३-०७-१४ गते रात्रीकालीन समयमा सो क्षेत्रका बासिन्दाहरूलाई उच्च सतर्कता अपनाउनु हुन, नदी किनारमा नजानु हुन तथा सुरक्षित रहनु हुन अनुरोध गरिन्छ । साथै, उक्त क्षेत्रमा बाढी तथा पहिरोको उच्च जोखिमलाई मध्यनजर गर्दै सोबाट मानवीय तथा भौतिक क्षति हुन नदिन भैंसे-भीमफेदि-देउराली-कुलेखानी हुँदै काठमाडौं जोड्ने सडक खण्डमा आज मिति २०८३-०७-१४ गते साँझ ५:०० बजेदेखि भोली मिति २०८३-०७-१५ गते विहान ५:०० बजेसम्म सवारी आवागमनमा पूर्ण रोक लगाइएको हुँदा सोही बमोजिम सवारी साधन सञ्चालन एवं यात्रा गर्नु, गराउनु हुन समेत सम्बन्धित सबैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

२०८३/०७/१४

(बसन्त अधिकारी)
प्रमुख जिल्ला अधिकारी